


प्रोफेसर डाक्टर दुर्गा दत्त पौडेलको जन्म तनहुँ जिल्लाको व्यास नगरपालिका साँगे चुँदेरमा सन् १९६० को अक्टोवर १० का दिन भएको हो । उहाँको वाल्यकाल तनहुँको चुँदेर तथा लमजुङको मध्यनेपाल नगरपालिका जिता देउरालीमा बितेको हो । प्रोफेसर पौडेलले सन् १९७७ मा तनहुँको दमौलीस्थित निर्मल व्यावसायिक माध्यमिक विद्यालयवाट एस.एल.सी. परीक्षा पास गर्नुभएको हो र सन् १९८० मा त्रिभुवन विश्वविद्यालयको कृषि तथा पशु विज्ञान अध्ययन संस्थान रामपुर, चितवनबाट आई.एस्सी पास गर्नु भएको हो । उहाँले सन् १९८७ मा पाकिस्तानको फैसलाबाद सहरमा स्थित युनिभर्ससिटी अफ एग्रिकल्चर, फैसलावादबाट बी.एस्सी. अनर्स कृषि (मेजर कृषि अर्थशस्त्र) को डिग्री लिनु भएको हो । उहाँले सन् १९९१ मा थाइल्यान्डको वैंककस्थित एसियन इन्स्टिच्युट अफ टेक्नोलोजी (ए.आई.टी) बाट एम.एस्सी. नेचुरल रिसोर्सेस डेभलमेन्ट र म्यानेजमेन्टमा गर्नुभएको हो । प्रोफेसर पौडेलले सन् १९९८ मा अमेरिकाको जोर्जिया राज्यस्थित युनिभर्ससिटी अफ जोर्जिया, एथेन्सबाट माटो विज्ञानमा पी.एच.डी. डिग्री लिनु भएको हो ।

प्रोफेसर डाक्टर पौडेलले सन् १९९१-१९९४ सम्म ताइवानस्थित एसियन भेजिटेवल रिसर्च एन्ड डेभलपमेन्ट सेन्टर (ए.भी.आर.डी.सी.) मा रिसर्च फेलोको रूपमा काम गर्नुभयो । उहाँले सन् १९९४-१९९८ सम्म अमेरिकाको युनिर्भसिटी अफ जोर्जिया, एथेन्समा सस्टेनेवल एग्रिकल्चरल एन्ड न्याचुरल रिसोर्सेस म्यानेजमेन्ट कोलाबोरेटिभ रिसर्च सपोर्ट प्रोगाममा ग्रयाजुएट रिसर्च असिस्टेन्टको रूपमा काम गर्नुभयो । त्यस्तै, सन् १९९८-२००० सम्म उहाँले अमेरिकाको क्यालिफोर्निया राज्यस्थित युनिर्भसिटी अफ क्यालिफोर्निया डेभिसमा भिजिटिङ रिसर्च स्कलरको रूपमा काम गर्नुभयो । प्रोफेसर डाक्टर पौडेलले सन् २००० को अगस्ट महिनादेखि अमेरिकाको लुजियाना राज्यमा रहेको युनिभर्सिटी अफ लुजियाना एट लाफाएटमा असिस्टेन्ट प्रोफेसरको रूपमा प्राध्यापन कार्य सुरु गर्नुभयो । हाल उहाँ युनिभर्सिटी अफ लुजियाना एट लाफाएटको स्कुल अफ जियोसाइन्समा टेनुयर्ड प्रोफेसर हुनुहुन्छ ।

प्रोफेसर डाक्टर पौडेलले कृषि, माटो, पानी, वातावरण तथा जलवायु परिर्वतनका बारेमा विश्वका विभिन्न ठाउँहरू जस्तै फिलिपिन्स, मलेसिया, इन्डोनेसिया, थाइल्यान्ड, ताइवान, नेपाल तथा यू.एस.ए.मा गहिरो अनुसन्धान गर्नु भएको छ । उहाँले विभिन्न देशहरूमा अर्थिक उन्नतिको वारेमा पनि शोधकार्य गर्नु भएको छ । उहाँको अनुसन्धानबाट निस्किएका सयौं शोधपत्रहरू अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित भएका छन् र तिनीहरू इन्टरनेटमा प्रशस्त पाइन्छन् ।

प्रोफेसर डाक्टर पौडेल “अष्ट–ज” अवधारणाको जन्मदाता हुनुहुन्छ । उहाँ “अष्ट–ज” अभियान नेपालको फाउन्डिङ्ग एक्जिकेटिभ मेम्बर हुनुहुन्छ भने “अष्ट–ज” इन्टरनेसनल कोअर्डिनेसन काउन्सिल (“अष्ट–ज” आईसीसी) को फाउन्डिङ्ग कोअरडिनेटर हुनुहुन्छ । प्रोफेसर पौडेल “अष्ट–ज” रिसर्च एन्ड डेफलपमेन्ट सेन्टर (“अष्ट–ज” आर. डी. सी.) काठमाडौं, नेपाल एवं “अष्ट–ज” यू.एस.ए. हनलुलु, हवाई यू.एस.ए., को फाउन्डिङ्ग प्रेसिडेन्ट हुनुहुन्छ । प्रोफेसर डाक्टर पौडेल, पौडेल वंश महासंघ नेपालको केन्द्रीय सदस्य हुनुहुन्छ । प्रोफेसर डाक्टर पौडेलले “अष्ट–ज” अवधारणाको आधारशीलामा रहेको नेपाल भिजन सन् २०४० अवधारणालाई पनि जन्म दिनुभएको छ । नेपाल भिजन सन् २०४० भनेको सन् २०४० सम्म नेपालको आर्थिक विकास विश्वका धनी राष्ट्रहरूको हाराहारीमा पुऱ्याउने हो । नेपाल भिजन सन् २०४० को सार्थकता हामी सम्पूर्ण नेपालीहरूको साझा लक्ष्य हो भन्दै प्रोफेसर पौडेल सम्पूर्ण नेपाली जनसमुदाय तथा नेपाल सरकारलाई यस देशको आर्थिक तथा सामाजिक रूपान्तरणको महा अभियानमा समावेश भई सक्रिय भूमिका खेल्न आह्वान गर्नुहुन्छ । “अष्ट–ज” को अवधारणालाई आधारशीला बनाई नेपाल भिजन सन् २०४० ले दिएको मार्गदर्शनलाई आत्मसात् गरी सन् २०४० सम्म नेपाल र नेपाली समाजको आर्थिक समुन्नति विकसित राष्ट्र बराबर बनाउने लक्ष्य राख्दै नेपालीजनको शिर ठाडो पार्दै हाम्रो गौरवशाली इतिहास राष्ट्रिय एकता र राष्ट्रवादको जगेर्ना एवं पोषण गर्नु नै हामी सम्पूर्ण नेपालीको आजको दायित्व हो भन्दै प्रोफेसर पौडेल आगामी दिनहरूमा सम्पूर्ण नेपालीहरूसँग राष्ट्र विकासमा एकजुट भई अगाडि बढ्न चाहनु हुन्छ ।

# अष्ट–ज अवधारणा




## प्रा. डा. दुर्गा दत्त पौडेल
“अष्ट–ज” अवधारणाका जन्मदाता